प्रदेश सरकार
प्रदेश नं. २, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रौतहट

फोन नं. ०५५-५४०२१०

पत्र संख्याः-
चलानी नं.:-

नं. १ बलरी खोर स्थित बाटो पश्चिम र फायरलाईनबाट करिब ५०० मिटर दक्षिणको बाँसघारीमा काठ चिरान गरिएको थाहापाई घेराहाली पक्राउ गर्न प्रयास गर्दा कर्मचारी आएको थाहा पाई काठ चिरान गर्ने मानिसहरु भाग्नमा सफल भएको र उक्त घटनास्थलबाट साल जातको गोलिया थान १ को ८.२६ क्यू.फिट काठ बरामद गरी काठ आफनो नियन्त्रणमा लिई बलरी वन क्वाटरमा सुरक्षित घाटगद्दी गरी सो को भर्पाई यसै साथ संलग्न राखी आवश्यक कार्यवाहीको लागी पेश गरिएको ब्यहोरा अनुरोध छ भनी स.व.अ. श्री सोनफी पासवान समेतको प्रतिवेदन प्राप्त हुन आएकोले उक्त घटनाको जाँचबुझ तथा अनुसन्धान कार्यको लागी स.व.अ. श्री बैजनाथ मण्डललाई खटाईएको ।

- वृन्दावन सब डि.व.का.का वन कर्मचारीहरु मिति २०७८/१/३१ गते बिहान ५:४५ बजेको समयमा वनजंगल गस्ती गर्दै जाँदा रामलाल वृन्दावन साझेदारी वनको पुर्व : ग्रावेल सडक, पश्चिम : बलरी जाने पैनी, दक्षिण : चेतनगर जाने बाटो र उत्तर : वन जंगल यति चार किल्ला भित्र जंगलको बाटो भएर उत्तरबाट दक्षिण तर्फ केही अज्ञात समुहका मानिसहरुले साईकल थान ४ मा काठ ल्याईरहेको थाहा पाई घेराहाली पक्राउ गर्न खोज्दा काठ तस्करहरुले कर्मचारी आएको थाहापाई काठ सहितको साईकल छाडेर भागेको र पछि उनिहरु एकजुट भई हामी कर्मचारीहरु माथि नै आक्रमण गरी बरामद काठ र साईकल लुटन खोज्दा आत्मरक्षा तथा बरामद काठ र साईकल सुरक्षाको लागी ६ (छ) राउण्ड गोली हवाई फायर गरी साल जातको गोलिया थान ४ को ३१.११ क्यू.फिट काठ र साईकल थान-४ नियन्त्रणमा लिएको हुँदा बरामद काठ र साईकल बलरी वन पोष्टमा सुरक्षित राखी सोको भर्पाई तथा बरामदी मुचुल्का यसै साथ संलग्न राखी आवश्यक कारवाहीको लागी पेश गरेका छौ र सो साईकलको लिक पैलाउदै जाँदा ८५" नापसाईज साल जातको काँचो ढलेको रुखबाट टुन टुक्रा पारी बरामद भएको काठ ल्याएको देखिएको हुँदा सो समेतको व्यहोरा अनुरोध छ भनी स.व.अ.श्री सोनफी पासवान समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी स.व.अ.श्री बैजनाथ मण्डललाई खटाईएको ।
- मिति २०७८/२/१ गते बिहान करिब ७:३० बजेको समयमा जंगलसहिया सब डि.व.का. का वन कर्मचारीहरु तथा जंगलसहिया साझेदारी वन व्यवस्थापन समुहका वन हेरालुहरु समेतको संयुक्त गस्ती टोलीले गस्ती गर्दै जाँदा जिल्ला रौतहट गुजरा न.पा. ३ स्थित पुर्व : धनसर सडक, पश्चिम : धनसर खोला, उत्तर : धनसर खोला र दक्षिण सिम्री गाउँ यति चार किल्ला भित्र बथान भन्ने ठाउँमा काठ तस्करहरुले रात विरातको मौकाछोपी काठ तस्करी गर्न झाडीमा लुकाई छिपाई राखी राखेको अवस्थामा बरामद गरिएको साल जातको गोलिया थान १ को ७.०० क्यू.फिट काठ जंगलसहिया सब डि.व.का.को कम्पाउण्डमा सुरक्षित साथ घाटगद्दी गरी सोको जिम्मा भर्पाई पाना- १ यसै प्रतिवेदन साथ संलग्न राखी उक्त घटना घटाउने कसुरदारलाई खोज तलाश जारी राखी आवश्यक कार्यवाहीको लागी यो प्रतिवेदन पेश गरिएको ब्यहोरा अनुरोध छ भनी अधिकृत श्री रामदेव चौधरी समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज अधिकृतलाई नै खटाईएको ।